# प्रेश विज्ञप्ति

धितोपत्र बजारलाई विश्वसनीय, गतिशील एवं आधुनिक वनाउंदै लैजाने क्रममा नेपाल स्टक एक्सचेन्जले भाद्र ७, २०६४ देखि स्वचालित कम्प्युटर कारोबार प्रणालीको शुरुवात गरेपछि आधुनिकिकरणको पहिलो चरणमा प्रवेश गरेको हो । यसै क्रममा अनलाईन शेयर कारोबार थालनीका लागि पहिलो चरणमा गत असोज २७ बाट सदस्य दलालहरुलाई Wide Area Network (WAN) भित्र आवद्ध गरी सदस्य दलाल व्यवसायीको कार्यालयबाट नै शेयर कारोबार शुरु गराई हाल WAN मार्फत ९ जना सदस्य दलालले कारोबार गरिरहेका छन् । यसबाट सदस्य दलाल व्यवसायी र लगानीकर्ताहरु मात्र तत्काल लाभान्वित भएका होईनन्, नेप्सेको Trading Floor को सिमीत दलाल संख्यालाई Open Entry को बाटो खुला गरी दिएको छ, जुन निकै महत्वपूर्ण छ । समग्रमा, अन्तराष्ट्रिय मूल्य मान्यता अनुरुप नेप्से एक आधुनिक दोश्रो बजारमा परिणत भईरहेको छ ।

पूजी बजारमा हुने धितोपत्रको कारोबारलाई Trading of Information पनि भनिन्छ । यस परीप्रेक्षमा पूँजी बजार कारोबारमा सूचना प्रवाहले ओगटने महत्वपूर्ण स्थानलाई दृष्टिगत गरी यस नेपाल स्टक एक्सचेन्जले परिमार्जीत वेभसाईट **www.nepalstock.com** मार्फत आज २०६४ मार्ग १२ देखि Real Time Information प्रवाह शुरु गरिएको यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।

Real Time Information भन्नाले नेप्सेको Trading Floor का गतिविधिहरु जस्तो शेयर कारोबार, शेयर मूल्य सम्बन्धी सूचनाहरु कुनै Time Gap विना नै उपलब्ध हुनासाथ web page मा उपलब्ध हुनु हो । यो एक किसिमको Trading Floor को Live Information अर्थात Real Time Information पनि हो । Real Time मा Stock को Trading Price Change हुने वित्तिकै यस सम्बन्धी सूचना web मा देखिन्छ । Trading Floor मा भएको Stock Traded Price, Volume को विवरण सवै देख्न सकिन्छ । अर्थात Immediate Result देखिन्छ । आजको Top Gainer, Top Looser हरु कुन-कुन कम्पनी हुन त्यो सहित धेरै किसिमको Real Time Information उपलब्ध हुनेछ ।

नयाँ website मा विकसित स्टक एक्सचेन्जहरुले चलाई रहेको web site अनुरुप नै वनाउंदै लगि एउटा भरपर्दो website को रुपमा विकास गरिनेछ । यसका मुख्य विशेषताहरु देहाय अनुसार छन :

- Real Time News Display
- सूचिकृत कम्पनीको कारोबार स्थगन वा Circuit Breaker लागेको ब्यहोरा Real Time मा थाहा हुनेछ ।
- Update Information सजिलैसंग प्रवाह गर्ने ।
- परिसूचकको उतार चढाव Real Time मा उपलव्ध हुने ।
- अन्य सूचनाहरु थप्दै लगी यो एउटा बृहत सूचनामूलक website हुनेछ ।

यसबाट धितोपत्र लगानीकर्ताको अतिरिक्त अनुसन्धानकर्ता, विद्यार्थी तथा पूँजी बजारमा चासो राख्ने सवैका लागि थप सुविधा पुग्ने अपेक्षा गरेका छौं । यस अघि नै WAN मार्फत कारोबार शुरु भैसकेको सन्दर्भमा लगानीकर्ताको लागि प्रत्यक्ष सूचना थप उपयोगी हुनेछ ।

यसैबीच २०५२ सालदेखि वन्द गरिएको ढोका खोल्दै नेपाल स्टक एक्सचेञ्जले लगानीकर्ताहरुलाई प्रस्पिर्धात्मक र गुणात्मक सेवा उपलब्ध गराउन बजारको आवश्यकता अनुसार दलाल व्यवसायीको संख्या हालको २३ बाट ५० पुऱ्याउने प्रकृया अघि बढाएको छ । दलाल व्यवसायीको ईजाजतको लागि सिफारिश गर्न स्पष्ट र पारदर्शी सिफारिश छनोट विधि धितोपत्र बोर्डको समेत सहमति लिई वनाईएको छ । यसबाट स्तरीय र प्रतिस्पर्धात्मक सेवा लगानीकर्ताहरुलाई पुगी दलाल व्यवसायमा व्यवसायिक विकास हुने मुख्य उद्देश्य राखिएको छ । प्रस्तुत सिफारिश विधिबाट व्यवसायिक दलालहरु छनोट हुने अपेक्षा गरिन्छ ।

यसबाट स्टक एक्सचेन्जले एक वर्ष अगाडिदेखि दलाल संख्या थप्न गरेको प्रयास सार्थक भएको छ ।

धितोपत्र व्यवसायीकतालाई गुणात्मक र विश्वसनीय वनाउंदै लैजाने क्रममा यो महत्वपूर्ण थालनी हो । अव दोश्रो चरणमा बैंक तथा वित्तीय संस्थाद्वारा शतप्रतिशत प्रवद्धित सहायक कम्पनीहरुलाई धितोपत्र दलाल व्यापारी एवं निर्माताको कार्य गराउने प्रकृया अगाडि वढाईने छ । तर यसमा नेपाल राष्ट्र बैंकको Cross Holding सम्बन्धी व्यवस्थालाई सुधारको पश्चात मात्र अगाडि वढाउन सकिन्छ । साथै दलाल संख्या वढाउने नीतिलाई प्रत्येक वर्ष समीक्षा गरी क्रमशः Open Entry, Open Exit को नीतितर्फ उन्मुख गराउने छ ।

मिति : २०६४।८।१२

नेपाल धितोपत्र विनिमय बजार लि.